# श्री सौभाग्य सामुदायिक वन उपभोक्ता समूह

बढैयाताल गा.पा.-५, बर्दिया

## बोलपत्रद्वारा गोलिया काठ लिलाम विक्रीको सूचना

### मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मितिः २०८१/११/०१ गते

यस सौभाग्य सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनबाट स्वीकृत वन कार्ययोजना अनुसार २०८०/०८१ मा उत्पादन भएको उत्पादित काठ र दाउराहरु मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई श्री डिभिजन वन कार्यालय बर्दियाको च.नं. २०६७ मिति २०८१/१०/२५ गतेको लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका तपसिलमा उल्लेखित परिमाणको गोलिया काठ लिलाम विक्री गर्नुपर्ने भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तपसिलको शर्तको अधिनमा रही खरिद गर्न चाहने इच्छुक काष्ठ व्यवसायी (व्यक्ति वा कम्पनी) ले यो सूचना मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मितिले २१ दिनभित्र खरिद गरी गोप्य सिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना आह्वान गरिएको छ ।

तपसिल:

**वन पैदावारको विवरण:**

| क्र.सं. | जात | गोलिया थान | परिमाण (घ.फि.) | दर | न्यूनतम मूल्य | कटान मुछान खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | खयर | २९ | ४४.७५ | १०००/- | ४४७५०/- | ५८१८/- | |
| | जम्मा | | | | ४४७५०/- | | |

**शर्तहरु:**

१. बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः
   क) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समयः २०८१/११/२१ गते कार्यालय समयम्म
   ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समयः २०८१/११/२२ गते दिउँसो २:०० बजेम्म

२. बोलपत्र फारम यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट रु. १०००।- (अक्षरेपीः एक हजार) मात्र पछि फिर्ता नहुने गरी कार्यालय समयभित्र खरीद गरी समूहको कार्यालय तथा डि.व.का. बर्दियामा दाखिला गर्न सकिने छ ।

३. आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक बाँसगढी शाखाको च.हि.नं. ४५६०१०००००५२१००१ मा जम्मा गरेको सक्कल भौचर/बैंक ग्यारेण्टी बोलपत्र साथ संलग्न राख्नु पर्नेछ ।

४. तपसिलमा उल्लेखित भएका परिमाण अनुसारका लिलाममा परेका घाटगद्दीमा रहेका वन पैदावारहरु यस सामुदायिक वन उपभोक्ता समूहको कार्यसमितिका पदाधिकारीहरुको रोहवरमा घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

५. घाटगद्दीमा रहेका वन पैदावार जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार कर्ताले आफ्नै खर्चमा उठाई लैजानु पर्नेछ ।

६. यो सूचना प्रकाशित भएको प्रथम पटकको मितिबाट २१ दिन भित्र इच्छुक काष्ठ व्यवसायी (व्यक्ति वा कम्पनी) का प्रोपराईटरले नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, कर दर्ताको प्रमाण-पत्रको प्रतिलिपी, कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाण-पत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) प्रमाण-पत्रको प्रतिलिपी (नविकरण भएका मात्र) बोलपत्रका साथ पेश गर्नु पर्नेछ ।

७. रितपूर्वक पर्न आएका र बोलपत्रहरु मिति २०८१/११/२३ गते दिनको २:०० बजे काष्ठ उद्योग वा कम्पनीको प्रोपराईटर वा प्रतिनिधि नआएमा साक्षीहरुको रोहवरमा यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा खोलिने छ ।

८. बोलपत्रमा सकार गरको रकम अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेको रकम तथा निर्धारित मू.अ. कर समेत बुझाई लिलाम चढाएको वा वन पैदावार तोकिएको समयावधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. तोकिएको समयावधि भित्र सकार रकम मू.अ. कर, कटान मुछान र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिने छ ।

११. पर्न आएका बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस समूहमा निहित रहने छ । प्रक्रिया वा रित नपुगेका र समय भन्दा पछाडि दर्ता हुन आएका बोलपत्रहरु स्वतः बदर हुनेछ ।

१२. बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिन र बोलपत्र खोलिने दिन विदा परेमा सो को भोलिपल्ट कार्यालय खुल्ने पहिलो दिन क्रमशः खरिद वा दाखिला गर्न सकिने छ ।

१३. थप अन्य जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।